नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ | चलानी नं.:- २८४

मितिः- २०८०/१०/०८

श्री स्थानीय तहहरु सवै

विषयः- कार्यान्वयन सम्बन्धमा।

संघ, प्रदेश र स्थानीय तह (अन्तर सम्वन्ध तथा समन्वय) ऐन, २०७७ को दफा २२ अनुसार विषयगत समितिका अध्यक्ष माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकवाट अनुमोदित तथा स्वीकृत **संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्वन्धी कार्यप्रकृया, २०८०** कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्रको लागि अनुरोध भै आएको हुँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं.२५, मिति २०८०/१०/०३ को पत्र यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाईएको व्यहोरा आदेशानसार अनुरोध छ ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

वोधार्थ :

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेब साईटमा बपलोड गरिदिनु हुन तथा सबै स्थानीय तहमा ईमेल गरी दिनुहुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०८०/८१
च.नं. : २८.

मिति:- २०८०-१०-०३

विषय:- सङ्घ,प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्वन्धी कार्यप्रकृया, २०८०,कार्यान्वयनका सम्वन्धमा।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६०८
दर्ता मिति:- २०८०/१०/०४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा, सङ्घ, प्रदेश र स्थानीय तह (अन्तर सम्बन्ध तथा समन्वय) ऐन, २०७७ को दफा २२ अनुसार नेपाल सरकारको सम्वन्धित विषयक कार्यक्षेत्र रहेका मन्त्रीको अध्यक्षतामा विषयगत समितिको गठन हुने व्यवस्था गरिएको र सोही ऐनको दफा २३ को खण्ड (ख) मा "क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरूपता, निरन्तरता एवं गुणस्तरीयता कायम गर्न तथा कानुन, योजना, नीति एवम् रणनीतिहरूको कार्यान्वयनमा प्रभावकारिता ल्याउन यस समितिले आवश्यक समन्वयको कार्य गर्ने छ" भनी उल्लेख गरिएको सन्दर्भमा, सङ्घ, प्रदेश र स्थानीय तहले कृषि क्षेत्रमा संयुक्त र समन्वयात्मक ढङ्गले कार्य गरी कृषि क्षेत्रका राष्ट्रिय लक्ष्य र स्थानीय आवश्यकता परिपूर्ति गर्न, मिति २०८०-०४-२५ को विषयगत समितिबाट अनुमोदित भई विषयगत समितिका अध्यक्ष मा. मन्त्री बाट मिति २०८०-०८-१८ मा स्वीकृत सङ्घ,प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्वन्धी कार्यप्रकृया, २०८०,कार्यान्वयनका लागी स्थानीय तहलाई परिपत्र गरिदिनुहुन सादर अनुरोध छ ।

पुनश्च: स्वीकृत कार्यप्रक्रिया कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाईट https://moald.gov.np/publication-types/policy/ मा हेर्न सकिनेछ ।

डा.राजेन्द्र प्रसाद मिश्र
सहसचिव